भरतपुर महानगरपालिका, चितवन तथा मुड्केचुला गाउँपालिका, डोल्पाबीच भगिनी सम्वन्ध कायम गर्ने सम्वन्धी समझदारी पत्र, २०८२

नेपालको वागमती प्रदेश, चितवन जिल्लामा रहेको भरतपुर महानगरपालिका एवं कर्णाली प्रदेश, डोल्पा जिल्लामा रहेको मुड्केचुला गाउँपालिका, नर्कु, डोल्पाबीच पर्यावरणिय तथा भौगलिकरुपमा विविधता भएतापनि कयौं सामाजिक तथा सांस्कृतिक आयामहरुमा समानता रहेका छन् । जम्मा ४३२.९५ वर्ग कि.मि. क्षेत्रफल रहेको भरतपुर महानगरपालिकाका धार्मिक, ऐतिहासिक, भौगोलिक, आर्थिक, सामाजिक, सांस्कृतिक हिसावले निकै सम्भावना वोकेको क्षेत्र हो भने जम्मा २५०.०८ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको मुड्केचुला गाउँपालिका समेत ऐतिहासिक, धार्मिक, सांस्कृतिक र पर्यटकीय हिसावले उत्तिकै सम्भावना वोकेको क्षेत्रको रुपमा रहेको छ ।भरतपुर महानगरमा पर्ने देवघाटधाम र मुड्केचुला गाउँपालिकामा पर्ने मुड्केचुला तीर्थस्थल धार्मिक हिसावले अझ महत्वपूर्ण क्षेत्र हुन् । यी दुवै ठाउँ नेपाली समाजका परम्परागत आस्थाका केन्द्र हुन् ।यहाँका विभिन्न मेला, पर्व, जात्रा र पूजाआजाका क्रममा हुने मानिसको आवागमनका साथै ग्रामीण तथा सहरी उत्पादनको व्यापारका कारण आन्तरिक तथा वाह्य धार्मिक पर्यटन यहाँको समृद्धिको आधार वनेका छन्। स्थानीय विकासका लागि यी दुवै पालिकाबीच रहेको समानता र विविधतालाई एक अर्काले नियमित रुपमा सिकाइका लागि अवसरका रुपमा लिने हो भने यसले सेवा प्रवाहमा थप प्रभावकारीता ल्याउनुका साथै स्थानीय अर्थतन्त्रमा टेवा पुग्ने देखिन्छ ।

महानगरपालिका तथा गाउँपालिकाले आफ्नो कार्य सञ्चालन गर्दा लागत न्यूनीकरण, स्रोत साधनको अधिकतम उपयोग वा प्रभावकारी सेवा प्रवाहको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ६, दफा २६ अनुसारका क्षेत्रमा साझेदारी गर्ने गरी दफा २६ को (ट) अनुसार भगिनी सम्वन्ध स्थापित गरी शिक्षा, स्वास्थ्य, कृषि तथा पर्यटन, दमकल, एम्बुलेन्स, वस्ती विकास, पर्यटन, प्रविधि, संस्कृति, संयुक्त उद्यम, वजार व्यवस्थापन, भौतिक तथा आर्थिक सहयोग लगायतका अन्य विविध असल अभ्यास तथा अनुभव आदानप्रदान गर्ने व्यवस्था अनुसार भरतपुर महानगरपालिका र मुड्केचुला गाउँपालिका वीच तपसिलमा उल्लेख भए अनुसार साझेदारी कार्यक्रम सञ्चालन गर्नका लागि भगिनी सम्वन्ध स्थापित गर्ने उद्देश्यका साथ यो समझदारी पत्र तयार गरी हस्ताक्षर गरिएको छ ।

<u>तपसिल</u>

१. भरतपुर महानगरपालिका र मुड्केचुला गाउँपालिकामा रहेका मुख्य धार्मिक तथा पर्यटकीय स्थलहरूको महत्व र विशेषताका आधारमा दुवै स्थानीय तहवाट प्रचार प्रसार गरिनेछ ।

२. भरतपुर महानगरपालिका र मुड्केचुला गाउँपालिकामा उत्पादित मौलिक कृषि उपजहरूलाई एक आपसमा वजारीकरण गर्न सहयोग गरिनेछ ।

CamScanner

३. दुवै स्थानीय तहले कृषि र पशुपालनका क्षेत्रमा अपनाएका नयाँ प्रविधि, ज्ञान र सीपको सिको गर्दै कृषकहरुलाई विभिन्न तालिम तथा भ्रमण लगायतका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

४. दुवै स्थानीय तहले उद्यमशीलता वृद्धि गरी आयआर्जनलाई प्रभावकारी बनाउन संयुक्त उद्यमशीलताको विकास गरिनेछ।

५. दुवै स्थानीय तहले विकासका आफ्ना सफल अभ्यासहरूवाट प्राप्त सिकाईको आदान प्रदान गरी सफल अभ्यासहरूको अवलम्वन गर्नका लागि प्राविधिक सहयोग आदान-प्रदान गरिनेछ ।

६. विशिष्ट विकास आयोजनाको सञ्चालन तथा कार्यान्वयन गर्नका लागि दुवै स्थानीय तहवाट संयुक्त रुपमा मिलेर तथा आपसी सहयोग आदान-प्रदान गरी सञ्चालन गर्ने कार्यमा सहयोग प्रदान गरिनेछ।

७. गुणस्तरीय स्वास्थ्य सेवाको उपलब्धता तथा शिक्षाको क्षेत्रलाई समय सापेक्ष वनाउनका लागि दुवै स्थानीय तहले आवश्यक सहयोग आदानप्रदान गरिनेछ ।

८. दुवै पालिकाको संयुक्त लागत साझेदारीमा पर्यटन प्रवर्द्धनमा सहयोग पुग्ने खालका परियोजना सञ्चालन गरिनेछ ।

<u>भरतपुर महानगरपालिकाको तर्फबाट</u>

..................

(रेनु दहाल)

प्रमुख

..................

(चित्रसेन अधिकारी)

उप-प्रमुख

..................

(लक्ष्मी प्रसाद पौडेल)

प्रमुख प्रशासकीय अधिकृत

<u>मुडकेचुला गाउँपालिकाको तर्फबाट</u>

..................

(धर्म बहादुर शाही)

अध्यक्ष

..................

(दुदा रोकाया)

उपाध्यक्ष

..................

(रेशम महतारा)

प्रमुख प्रशासकीय अधिकृत

<u>साक्षी</u>

ईति सम्वत २०८२ साल वैशाख ३१ गते रोज ४ शुभम्

स्थानः भरतपुर महानगरपालिकाको कार्यालय, भरतपुर, चितवन

CamScanner



CamScanner




CS CamScanner



CamScanner



CamScanner